नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

प्राप्त पत्र संख्या :-
पत्र संख्या २०७७/७८
चलानी नं. :- ९८

मिति :- ............२०७७/१०/०२...

विषय :- **खोप कोषमा योगदान गर्न आव्हान गरिएको सार्वजनिक सूचना सम्बन्धमा विज्ञप्ती ।**

हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ संक्रमणको अवस्थामा नेपालमा यस संक्रमणको पहिचान, रोकथाम, उपचार आदि कार्यहरूमा साथ सहयोग र सहकार्य गर्नुहुने सम्पूर्ण निकाय, संघसंस्था तथा सर्वसाधारण प्रति स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछ । तपाई हाम्रो साथ र सहयोगले नै महामारी विरुद्धको प्रतिकूल परिस्थितीलाई सहजीकरण उन्मुख वनाउन सकिएको छ । यही महामारीको सन्दर्भमा नेपाल सरकारले प्राविधिकहरूको विश्लेषण र सुझावका आधारमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०७/२४ को निर्णय अनुसार नेपाल सरकारवाट आकस्मिक प्रयोगको लागि स्वीकृती प्राप्त भएका खोपहरूको खरिदलाई प्राथमिकतामा राखेर कोभिड १९ को खोप लगाउन पहिचान भएका लक्षित वर्ग तोकेर आवश्यक कार्यहरू गरीरहेको छ । यसरी निःशुल्क खोप लगाउने अभियान सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय यथासम्भव सबै विधि र प्रक्रियाहरूलाई अवलम्वन गर्दै अहोरात्र जुटीरहेको छ । सरकारको प्रयासमा साथ सहयोग गर्ने तिनै सहयोगी हातहरु र मनहरूले कोभिड १९ को खोपका लागि सहयोग गर्ने औपचारिक अनौपचारिक रुपमा इच्छा तथा प्रतिवद्धताहरू गरीरहेको पाईएको तथा भोलिका दिनमा समेत कैयौले यस किसिमले गर्न सक्ने र थप किसिमको साथ सहयोगहरू समेत आवश्यक हुनसक्ने कुराहरूलाई मध्यनजर गरी खोप ऐन, २०७२ परिच्छेद- ५ (दफा २१ देखि २५) राष्ट्रिय खोप कोष (सञ्चालन) नियमावली र खोप नियमावली २०७४ मै भएको कानुनी व्यवस्था अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७७ पौष २९ गते सार्वजनिक सूचना जारी गरेको व्यहोरा सबैमा हार्दिक अनुरोध छ । उक्त सार्वजनिक सूचनामा भनिए अनुसार तोकिएको बैंक खातामा दातृ निकाय, विदेशी, विभिन्न व्यवसायीक एवं सामाजिक र परोपकारी संघ संस्थावाट रकम जोहो हुन गएमा हालको कोभिड १९ को खोप अभियान सञ्चालनका अतिरिक्त नेपाल सरकारले सञ्चालन गरीरहेका विभिन्न बाह्र किसिमका खोपहरूको अभियान र भोलिका दिनमा थप गर्नु पर्ने खोपहरूका अभियानहरूमा समेत सहजीकरण हुनेछ भन्ने अपेक्षा राखिएको व्यहोरा सबैमा अनुरोध छ ।

..........................
डा. जागेश्वर गौतम

प्रवक्ता